नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५१३ मिति :- २०६६/९ /२

**नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरु तथा**
**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू र मनिचेन्जरहरु ।**

**विषय :- भारतीय रुपैंयाँ को कारोवार सम्बन्धमा ।**

महाशय,

नेपाल भारत बीच हुने व्यापारिक तथा भारतीय रुपैयाँ खरीद/बिक्री कारोवार सम्बन्धमा निम्न व्यवस्थाहरू लागू गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा-१२ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **नेपाल र भारतबीच हुने व्यापारिक कारोवारको लागि सटही व्यवस्था**

(क) मालवस्तुहरु आयातको भुक्तानीका लागि प्रचलित व्यवस्था अन्तर्गत रही प्रतितपत्र, ड्राफ्ट वा टि.टि. को माध्यमबाट भारतीय रुपैंयाँको सटही प्रदान गर्दा यसैसाथ संलग्न नमूना बमोजिमको वि.वि.नि.फा.नं.४(ग) जारी गर्नुपर्नेछ ।

(ख). आयात गरेका मालवस्तुहरू नियमित प्रकिया अनुरुप भन्सार छुटाई लगिसकेपछि सम्बन्धित भन्सार कार्यालयबाट उपरोक्त वि.वि.नि.फा.नं.४(ग) मा दरपीठ गरी सोही फारममा उल्लेख गरे अनुरुप गर्नु पर्नेछ ।

(ग). क्रेडिट सुविधा अन्तर्गत वा उधारोमा आयात भई सकेका मालवस्तुहरूको हकमा वि.वि.नि.फा.नं.४(ग) फाराम जारी गर्नु पर्ने छैन । तर यस्तो आयातको भुक्तानी गर्दा कागजात अनुरुपका मालवस्तु आयात भई सकेको र पछि भुक्तानी गर्नु पर्ने व्यहोरा प्रमाणित हुने देहायका कागजातहरुको आधारमा ड्राफ्ट/टि.टि.को माध्यमबाट सम्बन्धित निर्यातकर्ताको नाममा भुक्तानी हुने गरी सटही दिन सकिनेछ ।

(१) भुक्तानीको सर्त उल्लेख भएको वा उधारो बिक्री गरेको पुष्टी हुने कागजात
(२) क्रेडिट बिल बिजक ,
(३) सामान ढुवानी भएको पुष्टी हुने ढुवानी सम्बन्धी कागजात ,
(४) आयात भएको पुष्टी हुने भन्सार प्रज्ञापनपत्र,
(५) राजश्व तिरेको रसिद ।

क्रमशः

(घ) प्रतितपत्र अन्तरगत भारतबाट माल बस्तुहरु आयात गर्दा प्रतितपत्र संबन्धी प्रचलित व्यबस्थाको अधिनमा रही गर्नु पर्नेछ ।

(ङ) भाडाभरौट, क्लियरिगं, ढुवानी आदि खर्च नेपाली आयातकर्ताले व्यहोर्ने शर्तमा आयात भएको मालवस्तुको ढुवानी, क्लियरिगं आदिको खर्च सम्बन्धित पक्षले जारी गरेको बील बिजक आदि र सामान आयात भएको पुष्टी हुने कागजातहरुको आधारमा सम्बन्धित पक्षले भुक्तानी पाउने गरी सटही दिन सकिनेछ । यस्तो सटही प्रदान भई सकेपछि सो को निस्सा स्वरुप सक्कल कागजातमा सटही उपलव्ध गराएको व्यहोरा प्रमाणित गरी बैंक/वित्तीय संस्थाको छाप लगाउनु पर्नेछ ।

(च). तेश्रो मुलुकबाट सामान आयात गर्दा सि.आई.एफ.(CIF) कोलकाता उल्लेख गरी प्रतीतपत्र खोलेको हकमा नेपाल सीमानासम्मको भाडा भरौट र क्लियरिङ्गको लागि प्रतीतपत्र खोलेको कागजात हेरी प्रमाण राखी सटही दिन सकिनेछ ।

(छ) तेश्रो मुलुकमा सामान निर्यात गर्दा नेपाली सीमादेखि कोलकातासम्मको फ्रेट (Freight) र क्लियरिङ्ग (Clearing)को लागि आवश्यक रकम सामान निकासी भएको भंसार प्रज्ञापनपत्रको आधारमा डकुमेन्ट ह्याण्डल गर्ने बैंक/वित्तीय संस्थाले कागजात हेरी प्रमाण राखी सटही दिन सक्नेछ । यसरी सटही दिएपछि भंसार प्रज्ञापनपत्र लगायत सबै कागजातहरूमा भुक्तानी गरेको निस्सा लगाउनु पर्नेछ ।

यस्तो सटही पैठारीकर्ताको अनुरोधमा क्लियरिङ्ग तथा फर्वाडिङ्ग एजेन्ट वा ढुवानीकर्ताको नाममा उपलव्ध गराउनु पर्नेछ ।

(ज) भारतीय पत्रपत्रिकाको भुक्तानी पठाउँदा पत्रपत्रिका पठाउने कम्पनीको बिजकको आधारमा एकाउन्टपेयी ड्राफ्ट/टि.टि./मेल ट्रान्सफर आदिको माध्यमबाट भुक्तानी हुने गरी प्रमाण राखी सटही दिन सकिनेछ ।

(झ) अन्य सेवा सुविधा उपयोग गरे वापतको भुक्तानी पठाउनु परेमा अनिवार्य रुपमा यस बैंकबाट स्वीकृति लिनु पर्नेछ ।

क्रमशः

२. **<u>सरकारी तथा अर्ध सरकारी संस्थानहरू र नेपाली कम्पनीहरुलाई प्रदान गर्ने सटही सुविधाः</u>**

(क) सरकारी तथा अर्ध सरकारी संस्थानहरू जस्तैः जनकपुर चुरोट कारखाना, साल्ट ट्रेडिंग कर्पोरेशन, नेशनल ट्रेडिंग लिमिटेड आदिका सामानहरूको भारतीय रेल्वेबाट सामान छुटाउन रेल्वेको चलान हेरी सो मा उल्लेख भएको रकम बराबरको सटही नगदमा पनि दिन सकिनेछ ।

यसरी सटही दिइएकोमा सटही दिइएको मितिले १५ दिन भित्र रेल्वे रिसिप्टको प्रमाणित प्रति पेश गराउनु पर्नेछ ।

(ख). भारतमा कार्यालय खोली काम गर्न कानूनतः स्वीकृत प्राप्त गरेका नेपाली कम्पनीहरूको कार्यालय सञ्चालनको लागि खर्चको फाँटवारी पेश गर्ने शर्तमा ३ महिनाको लागि आवश्यक हुने रकम सटही प्रदान गर्न सकिनेछ ।

३. **<u>अन्तर बैंक तथा वित्तीय संस्था सम्बन्धी कारोवार व्यवस्था :</u>**

(क) बैंक/वित्तीय संस्थाहरू र यस बैंक बीच हुने भारतीय रुपैंयाँ खरिद बिक्री कारोवारलाई सुचारुरुपले सञ्चालन गर्न निम्नानुसारको व्यवस्था लागू गरिएको छ :-

(१) सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले भा.रु.रकमान्तर गर्नुपर्दा Value Date भन्दा दुई Working Day अगाडिनै रकमान्तरको लागि यस बैंकको बैंकिङ्ग कार्यालयलाई यसैसाथ संलग्न वि.वि.नि.भा.रु. फा.नं. १ बमोजिमको निवेदन फाराम प्रयोग गरी लिखित अनुरोध गर्नुपर्नेछ ।

(२) यसरी अनुरोध प्राप्त भएपछि बैंकिङ्ग कार्यालयले Value Date अगावै रकमान्तरको व्यवस्था गर्नु पर्नेछ ।

(३) Value Date को दिन सम्बन्धित बैंक/वित्तीय संस्थाको खातामा रकमान्तर गरेको रकम वरावरको हुने रकम बैंकिङ्ग कार्यालयले प्रचलित नियमानुसार Debit गर्नु पर्नेछ ।

(४) कथंकदाचित् उक्त दिन सम्बन्धित बैंक/वित्तीय संस्थाहरूको खातामा पर्याप्त मौज्दात नरहेमा व्याज सहित असुल उपर गर्नु पर्नेछ ।

क्रमशः

(५) बैंक/वित्तीय संस्थाहरूले यस बैंकसँग भारतीय रुपैंयाँ खरिद गर्दा साविकमा यस बैंकले लिने गरेको कमिशन रकम लिनु पर्ने छैन । तर प्रति १०० भा.रु.मा -।१५ पैसाका दरले बट्टा कमिशन भने लिनु पर्नेछ । यसरी लिएको कमिशनको ५० प्रतिशत रकम सम्बन्धित बैंक/वित्तीय संस्थाहरुलाई फिर्ता गर्नु पर्नेछ ।

(ख) नेपालका बैंक/वित्तीय संस्थाहरूले भारतीय बैंकहरूमा Bank Deposit को रुपमा भारतीय रुपैयाँ लगानी गर्न पाइने छैन ।

(ग). बैंक/वित्तीय संस्थाहरूले चाहेमा भारतीय रुपैयाँको अन्तर बैंक कारोवार र अन्तर बैंक कर्जा सापटी(Lending/ Borrowing) कारोवार गर्न सक्नेछन् ।

(घ) नेपाली बैंक/वित्तीय संस्था उपर खिचिएका चेकहरू भारतीय बैंकहरू मार्फत भारतीय रुपैंयाँमा भुक्तानी हुने गरी कलेक्शनार्थ पेश हुन आएको खण्डमा सटही दिन पाइने छैन ।

(ङ). नगद भा.रु. लिई सोको भा.रु. ड्राफ्ट माग्न आएमा त्यस्तो ड्राफ्ट जारी गर्न पाइने छैन ।

४. **भारतीय वीमा कम्पनीहरू र एयरलाइन्सहरूद्वारा भारतमा रिप्याट्रिएशन गर्ने व्यवस्था :**

(क) नेपालमा कार्य गर्न कानूनतः स्वीकृति पाएका भारतीय बीमा कम्पनीहरूको रकम भारतमा पठाउँदा वि.वि.नि.भा.रु.फा.नं.२ बमोजिमको विवरण रेमिटान्स पठाउन चाहने भारतीय वीमा कम्पनीहरूबाट लिई रेमिटान्स पठाउनुपर्ने बचत रकमको सटही उक्त कम्पनीहरूबाट माग भई आएमा त्यस्तो सटही सम्बन्धित बैंक/वित्तीय संस्थाहरू आफैले दिन सक्नेछन् ।

(ख) नेपालमा कार्य गर्न विधिवत स्वीकृति पाएका भारतीय एयरलाइन्सहरूको रकम भारतमा पठाउँदा वि.वि.नि.भा.रु.फा.नं.३ बमोजिमको विवरण रेमिटान्स पठाउन चाहने भारतीय एयरलाइन्सहरूबाट लिई सोको आधारमा बचत भएको रकम पठाउन सम्बन्धित बैंक/वित्तीय संस्थाहरू आफैले सटही दिन सक्नेछन् ।

क्रमशः

## ५. सर्वसाधारणसंग कारोवार गर्ने व्यवस्था :

भारतमा भ्रमण, अध्ययन, औषधोपचार र तीर्थयात्रा आदि लगायतका काममा जानेहरूलाई नगद/ड्राफ्ट/टि.टि./मे.ट्रा./यात्रुचेक आदिको माध्यमबाट नियमानुसार भा.रु. सटही प्रदान गर्दा सम्बन्धित व्यक्तिहरूकै (निवेदकको) नाउँमा सोही प्रयोजनको लागि मात्र तल उल्लिखित व्यवस्था बमोजिम उपरोक्त माध्यमहरूद्वारा सटही प्रदान गर्नुपर्नेछ :-

(क) भा.रु. नगद सटही माग भएमा भा.रु. २५,०००।०० (पच्चीस हजार) सम्म नगदै सटही दिन सकिने छ ।

(ख) भा.रु.१,००,०००।०० (एकलाख) सम्म सटही माग भएमा ड्राफ्ट/टि.टि/मेल ट्रान्सफर क्रेडिट, डेविट वा प्रिपेड कार्ड आदिको माध्यमद्वारा सटही दिन सकिनेछ तर यसरी भा.रु. सटही दिदा के कामको लागि सो रकम आवश्यक भएको हो प्रमाण खुल्ने कागजात सहित व्यहोरा खुलेको आवेदन लिनुपर्नेछ ।

(ग) भा.रु. १,००,०००।०० (एकलाख) भन्दा बढीको सटही माग भएमा भा.रु. को दुरुपयोग नहोस् भन्ने दृष्टिकोण राखी प्रमाणित कागजात लिई वा ग्राहकको पहिचानमा प्रमाण पछि पेश गर्ने शर्तमा आवेदन फाराम लिई सटही दिन सकिनेछ ।

(घ) यस दफा बमोजिम सटही सुविधा प्रदान गर्दा एक व्यक्तिको नाममा एउटा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ । पछि प्रमाण पेश गर्ने शर्तमा सटही प्रदान गरेको अवस्थामा पहिले प्रदान भएको सटही सुविधाको प्रमाणित कागजात प्राप्त भए पछि मात्र अर्को सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

## ६. भारतीय रुपैयाँको खरीद/बिक्री एवं भुक्तानीमा बन्देज :

(क) भारतीय रुपैयाँ ५०० र १००० दरका नोटहरुको खरिद बिक्रीमा पूर्णतः बन्देज लगाइकोछ ।

(ख) नेपाली र भारतीय नागरिकहरूसँग बाहेक अन्य मुलुकका नागरिकसँग सबै बैंक/वित्तीय संस्था लगायत इजाजतपत्र प्राप्त अन्य निकायहरूले भारतीय रुपैयाँको नोट, यात्रुचेक, ड्राफ्ट आदिको खरिद, टि.टि.को भुक्तानी र भारतीय रुपैयाँको केडिट कार्ड अन्तर्गत कुनै कारोवार गर्न पाइने छैन ।

क्रमशः

(ग) भारतस्थित विमा कम्पनीको विमा पोलिसी खरिद गर्ने तथा सो को प्रिमियम भुक्तानी गर्ने, भारतीय कम्पनीले जारी गरेको शेयरमा लगानी गर्ने, भारतमा घरजग्गा खरीद गर्ने जस्ता पूँजीगत प्रकृतिका कारोवारको प्रयोजनको लागि सटही सुविधा प्रदान गर्न पाइने छैन ।

(घ) भारतस्थित बैंक तथा वित्तीय संस्था एवंम बैकिङ्ग कार्य गर्ने सहकारी संस्थाको नाममा कुनै प्रकारको खाता खोल्न वा त्यस्तै प्रयोजनका लागि भुक्तानी गर्न सटही सुविधा प्रदान गर्न पाइने छैन ।

(ङ) यस बैंकबाट स्वीकृति प्रदान भएको अवस्थामा बाहेक ऋणको साँवा व्याज, मुनाफा, लाभांश आदि भुक्तानी गर्ने प्रयोजनको लागि सटही सुविधा प्रदान गर्न पाइने छैन ।

७. **कागजात सुरक्षित राख्नु पर्ने :**

यस परिपत्र बमोजिम व्यापारिक कारोवार एवं सटही सुविधा प्रदान गर्दा लिइएका प्रमाणित कागजातहरु यस बैंकबाट निरीक्षण हुंदा तथा प्रचलित कानून बमोजिम जांच वुझ्ह गर्ने अधिकारीबाट जांच वुझ्ह हुंदाका बखत देखाउन सक्ने गरी सुरक्षित राख्नु पर्नेछ ।

८. **वि.वि.नि. फाराम पेश गर्ने व्यवस्था :**

(क) विभिन्न प्रयोजनमा हुने भा.रु. खरिद/बिक्री को तथ्याङ्क समेत सरल र भरपर्दो ढङ्गबाट प्राप्त होस भन्ने हेतुले प्रचलित व्यवस्था अनुसार भा.रु. खरिद/बिक्रीको साप्ताहिक विवरण वि.वि.नि.भा.रु. फा.नं. ४ र ५ बमोजिम पठाउनु पर्नेछ ।

(ख) यस बैंकका उपत्यका बाहिर स्थित कार्यालयहरुले आफ्नो र आफ्नो कार्यक्षेत्र अन्तर्गतका बैंक/वित्तीय संस्थाबाट माथि उल्लिखित साप्ताहिक भा.रु. खरिद बिक्री विवरण छिटो माध्यमद्वारा लिने व्यवस्था मिलाई सोको एकमुष्ट संस्थागत विवरण प्रत्येक सोमवार वेलुकासम्म यस विभागको निरीक्षण तथा अनुगमन फाँटमा आइपुग्ने गरी पठाउनु पर्नेछ । यसरी संस्थागत तथ्याङ्क पठाउँदा शाखागत तथ्याङ्ग नछुट्याई केवल नेपाल राष्ट्र बैंक र आफ्नो क्षेत्रमा भएका अन्य बैंक/वित्तीय संस्था छुट्याई पठाउनु पर्नेछ । साथै आ-आफ्नो क्षेत्र अन्तर्गत पायक पर्ने स्थानका बैंक/वित्तीय संस्थाका प्रत्येक सप्ताहको साप्ताहिक भा.रु. खरिद बिक्री विवरण सप्ताहान्त पछिको आइतवार वेलुकीसम्म अनिवार्य रुपले

क्रमशः

टेलिफोन, ट्रंकल, फ्याक्स तथा पत्रको माध्यमबाट लिने व्यवस्था गर्नुपर्नेछ र पायक नपर्ने टाढा-टाढाका बैंक/वित्तीय संस्थाहरूको उक्त विवरण हुलाकद्वारा लिने व्यवस्था मिलाई सो प्राप्त हुनासाथ प्राप्त भएकै सप्ताहको साप्ताहिक विवरणमा समावेश गरी पठाउनु पर्नेछ। यसरी हुलाकबाट लिने गर्दा ठूलोठूलो रकम देखिएमा नोटमा सो कुरा उल्लेख गर्नुपर्नेछ तर अन्तर बैंक कारोवार उक्त साप्ताहिक विवरणमा समावेश गर्नु पर्ने छैन।

## ९ खारेजी र बचाउ

(क) भारतीय रुपैयाको कारोवार सम्बन्धमा यस बैंकबाट जारी भएका देहाय बमोजिमका परिपत्रहरु खारेज गरिएको छ :-

(१) इ.प्रा.परिपत्र संख्याः ३९१ मिति २०६३।१२।११
(२) इ.प्रा.परिपत्र संख्याः ४२० मिति २०६३।१२।११
(३) इ.प्रा.परिपत्र संख्याः ४२१ मिति २०६३।१२।११

(ख) खण्ड (क) बमोजिम खारेज गरिएका परिपत्र बमोजिम भए गरेको काम कारवाही यसै परिपत्र बमोजिम भए गरेको मानिनेछ।

भवदीय

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थः
१. गभर्नरको कार्यालय।
२. डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा।
४. बैंक तथा वित्तीय संस्था नियमन विभाग।
५. बैंक सुपरिवेक्षण बिभाग।
६. आन्तरिक लेखा परिक्षण विभाग।
७. सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन।
८. नेपाल उद्योग वाणिज्य महासंघ,मिलन मार्ग, टेकु।
९. नेपाल उद्योग परिसंघ,मिलन मार्ग, टेकु।